# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, फागुन २५ गते २०५४ साल (अतिरिक्ताङ्क ६५(क)


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

<u>धितोपत्र कारोबार (दोस्रो संशोधन) नियमावली, २०५४</u>

धितोपत्र कारोबार ऐन, २०४० को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरु बनाएको छ :-

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "धितोपत्र कारोबार (दोस्रो संशोधन) नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>धितोपत्र कारोबार नियमावली, २०५० को नियम २ मा संशोधन</u> : धितोपत्र कारोबार नियमावली, २०५० (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,

(१) खण्ड (ख), (ग) र (घ) को सट्टा देहायका खण्ड (ख), (ग) र (घ) राखिएका छन् :-

(ख) "दलाल" भन्नाले नियम २९ को उपनियम (१) को खण्ड (क) बमोजिमको धितोपत्र कारोबार गर्न प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ग) "बजार निर्माता" भन्नाले नियम २९ को उपनियम (१) को खण्ड (ख) बमोजिमको धितोपत्र कारोबार गर्न प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(घ) "धितोपत्र व्यापारी (डिलर)" भन्नाले नियम २९ को उपनियम (१) को खण्ड (ग) बमोजिमको धितोपत्र कारोबार गर्न प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) "निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले नियम २९ को उपनियम (१) को खण्ड (घ) बमोजिम धितोपत्र कारोबार गर्न प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।"

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "अण्डरराइटिङ्" भन्नाले सार्वजनिक वा परिपत्र विधिद्वारा जारी गरिएको धितोपत्र सबै बिक्री नभई बांकी रहन आएकोमा त्यसरी धितोपत्र सबै वा केही अंश आफूले खरीद गर्ने जिम्मा लिने कार्य सम्झनु पर्छ ।"

(४) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) "संस्थापक शेयरवाला" भन्नाले कम्पनी दर्ता गर्दा कम्पनीको कम्तीमा एक शेयर लिन मन्जुर गरी प्रबन्धपत्र र नियमावलीमा संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।"

३. <u>मूल नियमावलीको नियम ३ मा संशोधन</u> : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :-

"३. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u> : ऐनको दफा ५ मा उल्लेख भएका काम, कर्तव्यको अतिरिक्त धितोपत्र बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) धितोपत्र कारोबार सम्बन्धी श्री ५ को सरकारको नीतिलाई कार्यान्वयन गर्ने, गराउने ।

(ख) धितोपत्र कारोबारलाई नियमित र व्यवस्थित बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीको कार्य संचालन व्यवस्था तथा काम कारवाही सम्बन्धी कार्यको रेखदेख तथा सुपरिवेक्षण गर्ने ।

(ग) धितोपत्र व्यवसायीले धितोपत्र निष्काशन तथा बिक्री प्रवन्ध गर्दा पालना गर्नुपर्ने शर्तहरु तोकिदिने ।

(घ) धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरुले धितोपत्र विनिमय सम्बन्धी कारोबार गर्दा पालना गर्नुपर्ने शर्तहरु तोकिदिने ।

(ङ) धितोपत्र बजारको विनियमावली स्विकृत गर्ने ।

(च) बोर्डको निमित्त आवश्यक कर्मचारीको दरवन्दी स्विकृत गर्ने तथा नियुक्ति गर्ने ।

(छ) धितोपत्र दर्ता वा सूचीकरण गराएका संगठित संस्थाहरुसँग आवश्यकता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसार सूचना, तथ्याङ्क वा विवरण प्राप्त गर्ने र लगानीकर्ताले हेर्न चाहेमा हेर्न सक्ने व्यवस्था मिलाउने ।

(ज) धितोपत्र बजारलाई स्वस्थ्य, प्रतिस्पर्धात्मक, नियमित र व्यवस्थित रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाउने ।"

४. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७ को उपनियम (२) मा रहेका "बोर्डले श्री ५ को सरकारको स्विकृत लिई निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "विनियमावलीमा तोकिए बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल नियमावलीको नियम ९ मा संशोधन</u> : मूल नियमावलीको नियम ९ को उपनियम (१) को,-

(१) **खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-**

"(ङ) धितोपत्र बजारले प्राप्त गरेको कारोबार शुल्क मध्येबाट बोर्डमा जम्मा गरेको रकम,"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) राखिएको छ :-

"(ङ१) धितोपत्र व्यवसायीले दर्ता शुल्क वापत बुझाएको रकम ।"

६ <u>मूल नियमावलीको नियम १३ मा संशोधन</u> : मूल नियमावलीको नियम १३ को उप नियम (२) को खण्ड (ग) मा रहेका "दलाल वा धितोपत्र व्यवसायी वा बजार निर्माता" भन्ने शब्दहरुको सट्टा "धितोपत्र व्यवसायी" भन्ने शब्दहरु राखिएका छन् ।

७ <u>मूल नियमावलीको नियम १४क. मा संशोधन:</u> मूल नियमावलीको नियम १४क. को,-

(१) उपनियम (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

(ख) धितोपत्र व्यवसायी तथा निजहरुको प्रतिनिधि सम्बन्धी विवरण,

(ग) धितोपत्र व्यवसायीबाट प्राप्त धरौटीको विवरण,"

(२) उपनियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

(ख) धितोपत्र व्यवसायीलाई कारबाही गरिएको भए त्यसको विवरण,"

८. <u>मूल नियमावलीको नियम १५ मा संशोधन:</u> मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ:-

"१५. <u>अनुमतिपत्र दस्तुर</u> : (१) नियम १३ बमोजिम धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्राप्त संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र अनुसूची -२ बमोजिमको वार्षिक अनुमतिपत्र दस्तुर बोर्डमा बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9826

(२) उपनियम (१) बमोजिमको म्यादभित्र वार्षिक अनुमति दस्तुर नबुझाउने धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्राप्त संगठित संस्थाले धितोपत्र बजार संचालन गर्न पाउने छैन ।"

९. मूल नियमावलीमा नियम १५क थप : मूल नियमावलीको नियम १५ पछि देहायका नियम १५क थपिएको छ:-

"१५क. धितोपत्र बजारले शाखा खोल्न सक्ने: धितोपत्र बजारले धितोपत्र कारोबारमा सहभागिता बढाउन र कारोबार संचालनमा व्यापकता ल्याउन बोर्डको पूर्व स्वीकृति लिई नेपाल अधिराज्य भित्र शाखा वा उपशाखाहरु खोल्न सक्नेछ ।"

१०. मूल नियमावलीको नियम १९क. मा संशोधन : मूल नियमावलीको नियम १९क. मा रहेका "बजार निर्माताबाट" भन्ने शब्दहरुको सट्टा "धितोपत्र व्यवसायीबाट" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल नियमावलीको नियम १९ख. मा संशोधन : मूल नियमावलीको नियम १९ख. को,-

(१) उपनियम (१) मा रहेका "सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनी" भन्ने शब्दहरुको सट्टा "धितोपत्र व्यवसायी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनीसित" भन्ने शब्दहरुको सट्टा "धितोपत्र व्यवसायीसंग" भन्ने शब्दहरु राखिएका छन् ।

१२. मूल नियमावलीको परिच्छेद ५ को शिर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद ५ को शिर्षकको सट्टा देहायको शिर्षक राखिएको छ:-
"सूचीकरण तथा धितोपत्र कारोबार संचालन सम्बन्धी व्यवस्था"

१३. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छ:-

"२२. धितोपत्र सूचीकरण गराउन निवेदन दिनु पर्ने : (१) ऐनको दफा ८ बमोजिम संगठित संस्थाले धितोपत्र बजारमा धितोपत्र सूचीकरण गराउन शेयर सूचीकरणको निमित्त अनुसूची -८ को फाराम नं. १ बमोजिमको ढाँचामा र डिबेन्चर, वण्ड, एकांक वा अन्य धितोपत्र सूचीकरण गराउन अनुसूची -८ को फाराम नं. २ बमोजिमको ढाँचामा अनुसूची -९ बमोजिमको सूचीकरण शुल्क सहित निवेदन दिनु पर्नेछ ।

(२) धितोपत्र सूचीकरणका लागि निवदेन साथ संलग्न गर्नुपर्ने अन्य विवरण तथा कागजातहरु सम्बन्धित धितोपत्र बजारको विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।"

१४. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ:-

"२३. धितोपत्रको सूचीकरण तथा नवीकरण : (१) धितोपत्रको सूचीकरणको निमित्त नियम २२ बमोजिम निवेदन प्राप्त हुन आएपछि धितोपत्र बजारले आवश्यक


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाँचबुझ गरी धितोपत्र सूचीकरण गर्न उपयुक्त देखेमा निवेदन प्राप्त भएको मितिले तीस दिन भित्र धितोपत्र सूचीकरण गरी निवेदकलाई अनुसूची -१० बमोजिमको ढाँचामा जानकारी दिनु पर्नेछ र धितोपत्र सूचीकरण गर्न नमिल्ने भए निवेदकलाई सोही कुराको जानकारी दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्र सूचीकरण गराएका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र अनुसूची-९ मा तोकिए बमोजिमको वार्षिक शुल्क बुझाई धितोपत्र सूचीकरणको नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सूचीकरण नवीकरण नगराइएको धितोपत्र विनिमय गर्न पाइने छैन ।

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐन बमोजिम सूचीकरण गर्नु नपर्ने गरी छुट पाएका धितोपत्र विनिमय कारोबारको निमित्त धितोपत्र बजारले छुट्टै व्यवस्था गर्न सक्नेछ ।

१५. <u>मूल नियमावलीको नियम २३ख. मा संशोधन:</u> मूल नियमावलीको नियम २३ख. मा रहेका "धितोपत्र सूचीकरण गराइने" भन्ने शब्दहरुको सट्टा "धितोपत्र सूचीकरण गराएका" भन्ने शब्दहरु राखिएका छन् ।

१६. <u>मूल नियमावलीको नियम २४ मा संशोधन</u> : मूल नियमावलीको नियम २४ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) धितोपत्र सूचीकरण गराएका संगठित संस्थाले आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र गत आर्थिक वर्षको आय व्यय विवरण, नाफा नोक्सानको वासलात तथा वार्षिक प्रगति प्रतिवेदनको अतिरिक्त देहाय बमोजिमको आर्थिक विवरण बोर्ड तथा सम्बन्धित धितोपत्र बजारमा पेश गर्नु पर्नेछ:-

(क) गत आर्थिक वर्षको नगद प्रवाह सम्बन्धी विवरण,
(ख) संगठित संस्थाको उत्पादन क्षमता वा कारोबार क्षमता सम्बन्धी विवरण,
(ग) खरीद, बिक्री तथा अन्तिम मौज्दातको विवरण,
(घ) आयात तथा निर्यात भएका मुख्य मुख्य सामानहरुको विवरण,
(ङ) विदेशी मुद्रामा कारोबार भएको भए त्यसको आय व्यय सम्बन्धी विवरण,
(च) आफूले गरेको कारोबार, त्यस सम्बन्धमा व्यवस्थापनको धारणा, संगठित संस्थाको उत्पादन वा कारोबार क्षमतामा पच्चीस प्रतिशत भन्दा बढी फरक परेको भए त्यस सम्बन्धमा व्यवस्थापनको प्रतिकृया,
(छ) बोर्ड वा सम्बन्धित धितोपत्र बजारले तोकिदिएको अन्य विवरण ।"

(२) उपनियम (२) मा रहेका "एक महिना भित्र" भन्ने शब्दहरुको सट्टा "सात दिन भित्र" र "धितोपत्र बजारमा" भन्ने शब्दहरुको सट्टा "बोर्ड र सम्बन्धित धितोपत्र बजारमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (४), (५) र (६) मा रहेका "धितोपत्र बजारलाई"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 14823

मुद्रण विभाग

भन्ने शब्दहरुको सट्टा "बोर्ड र धितोपत्र बजारलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल नियमावलीको नियम २६क., २६ख., २६ग. र २६घ. थप : मूल नियमावलीको नियम २६ पछि देहायका नियम २६क., २६ख., २६ग. र २६घ. थपिएका छन्:-

"२६क. करार गर्नुपर्ने : (१) धितोपत्र व्यवसायीले ग्राहकसंग धितोपत्र विनिमय गर्नु अघि सम्बन्धित धितोपत्र बजारको विनियमावलीमा व्यवस्था भए बमोजिमको ढाँचा र शर्तहरुको अधीनमा रही धितोपत्र व्यवसायीले ग्राहकसंग करार गर्नु पर्नेछ ।

(२) धितोपत्र व्यवसायीले ग्राहकसंग बिक्रीका लागि लिएको धितोपत्रको भरपाई वा निस्सा ग्राहकलाई दिनु पर्नेछ र तत्सम्बन्धी अभिलेख अद्यावधिक बनाई राख्नु पर्नेछ ।"

"२६ख. बोर्डले व्यवसायिक मर्यादा तोक्न सक्ने: (१) बोर्डले धितोपत्रको विनिमयलाई स्वच्छ, स्वस्थ्य र व्यवस्थित गराउन धितोपत्र व्यवसायीले धितोपत्र विनिमय गर्दा पालन गर्नुपर्ने व्यावसायिक मर्यादा तोक्न सक्नेछ ।

(२) धितोपत्र बजारले धितोपत्र व्यवसायीलाई आफ्नो सदस्यता प्रदान गर्नु अघि उपनियम (१) बमोजिम तोकिएको व्यावसायिक मर्यादा पालन गर्ने गराउने सम्बन्धमा आवश्यक कबुलियत गराउन सक्नेछ ।"

२६ग. धितोपत्र सम्बन्धी विवरण तथा कागजातहरु हेर्न वा सार्न दिनु पर्ने : ग्राहक वा धितोपत्र व्यवसायीले गरेको धितोपत्र कारोबार सम्बन्धी विवरण बाहेक लगानीकर्ताले धितोपत्र बजारमा रहेका धितोपत्र सम्बन्धी विवरण तथा कागजातहरु हेर्न वा सार्न चाहेमा सम्बन्धित धितोपत्र बजारको विनियमावलीमा तोकिए बमोजिम दस्तुर लिई हेर्न वा सार्न दिनु पर्नेछ ।

२६घ. धितोपत्र कारोबारको बीमा गर्नुपर्ने : धितोपत्र व्यवसायीले बोर्डले तोकिदिए बमोजिम धितोपत्र कारोबारको बीमा गराउनु पर्नेछ ।"

१८. मूल नियमावलीको नियम २७क. मा संशोधन : मूल नियमावलीको नियम २७क. को,-

(१) उपनियम (१) मा रहेका "दलाल वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपनियम (२) मा रहेका "सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनीले" भन्ने शब्दहरुको सट्टा "धितोपत्र व्यवसायीले" भन्ने शब्दहरु राखिएका छन् ।

१९. मूल नियमावलीको नियम २७ख. मा संशोधन : मूल नियमावलीको नियम २७ख. को शीर्षक र ठाउं ठाउंमा रहेका "वा लाभांश वितरण" भन्ने शब्दहरुको सट्टा "बोनस शेयर वा लाभांश घोषणा" भन्ने शब्दहरु राखिएका छन् ।

२०. मूल नियमावलीको नियम २७ग. मा संशोधन : मूल नियमावलीको नियम २७ग. को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनी" भन्ने शब्दहरुको सट्टा "धितोपत्र व्यवसायी" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मूल नियमावलीको परिच्छेद ६ को शीर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद ६ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छ:-

"धितोपत्र व्यवसायी सम्बन्धी व्यवस्था"

२२. मूल नियमावलीको नियम २८, २९, ३०, ३१ र ३२ मा संशोधन: मूल नियमावलीको नियम २८, २९, ३०, ३१ र ३२ को सट्टा देहायको नियम २८, २९, ३०, ३१ र ३२ राखिएका छन्:-

"२८. धितोपत्र व्यवसायीको रुपमा दर्ता गर्न निवेदन दिनु पर्ने: (१) धितोपत्र व्यवसायीको रुपमा धितोपत्र कारोबार गर्न चाहने संगठित संस्थाले ऐनको दफा १८ बमोजिम बोर्डमा नाम दर्ता गराउन अनुसूची -१२ मा तोकिए बमोजिमको दस्तुर सहित अनुसूची-११ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावली वा सो संगठित संस्था गठन गर्ने सम्बन्धित कानूनमा त्यस्तो संगठित संस्थाको मूख्य उद्देश्य धितोपत्र कारोबार गर्ने रहेको हुनु पर्नेछ ।

तर बैंक वा वित्तीय संस्थाको हकमा धितोपत्र कारोबार सम्बन्धी व्यवसाय मूख्य उद्देश्य नभई सहायक उद्देश्य भएमा पनि धितोपत्र व्यवसायीको प्रमाणपत्र दिन यस नियमावलीले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपनियम (१) को निवेदन साथ पेश गरेको विवरणमा कुनै व्यहोरा हेरफेर भएमा सम्बन्धित धितोपत्र व्यवसायीले त्यसको सूचना सात दिन भित्र बोर्डमा दिनुपर्नेछ ।

२९. धितोपत्र व्यवसायीको दर्ता: (१) नियम २८ बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले ऐनको दफा १९ बमोजिम आवश्यक जांचबुझ गरी त्यस्तो संगठित संस्थालाई धितोपत्र व्यवसायीको रुपमा दर्ता गर्न उपयुक्त देखेमा त्यस्तो निवेदन प्राप्त भएको मितिले तीस दिन भित्र त्यस्तो संगठित संस्थालाई धितोपत्र व्यवसायीको रुपमा दर्ता गरी देहायका कामहरु मध्ये कुनै एक वा एक भन्दा बढी काम समेत गर्न सक्ने गरी अनुसूची-१३ बमोजिमको ढाँचामा धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र दिनु पर्नेछ:-

(क) ग्राहकको नाममा धितोपत्र खरिद बिक्री वा विनिमय गर्ने ।

(ख) श्री ५ को सरकारले जारी गरेको वा श्री ५ को सरकारको जमानतमा जारी भएका ऋणपत्र वा सार्वजनिक रुपमा जारी गरिएको सामूहिक कोष (म्यूचुअल फण्ड) वा एकाङ्क (युनिट) वा कम्तीमा तीनवटा संगठित संस्थाहरुको साधारण शेयर वा अन्य धितोपत्रहरुमा तरलता प्रदान गर्ने उद्देश्यले उपरोक्त धितोपत्रहरु मध्ये कुनै एक वा एक भन्दा बढी धितोपत्रहरु आफ्नो नाममा वा नामबाट खरिद बिक्री गरी धितोपत्र कारोबार गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1829

दस्तुर र त्यसको पच्चीस प्रतिशत थप दस्तुर सहित धितोपत्र व्यवसायी प्रमाणपत्र नवीकरणको लागि बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र धितोपत्र व्यवसायीले धितोपत्र व्यवसाय दर्ता प्रमाणपत्र नवीकरणको लागि निवेदन नदिएमा बोर्डले त्यस्तो धितोपत्र व्यवसायीको धितोपत्र व्यवसाय दर्ता प्रमाणपत्र खारेज गर्नेछ ।

(४) उपनियम (३) बमोजिम धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र खारेज भएको संगठित संस्थाले धितोपत्र व्यवसाय गर्न पाउने छैन ।"

२४. मूल नियमावलीको नियम ३५, ३६ र ३७ मा संशोधन: मूल नियमावलीको नियम ३५, ३६ र ३७ को सट्टा देहायका नियम ३५, ३६ र ३७ राखिएका छन्:-

"३५. धितोपत्र व्यवसायीले जमानत राख्नुपर्ने: (१) धितोपत्र व्यवसायीले धितोपत्र कारोबार संचालन गर्नु अघि बोर्डले तोकिदिए बमोजिमको रकम जमानत स्वरुप बोर्डले तोकिदिएको कुनै बाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ र त्यस्ता रकम धितोपत्र सम्बन्धी दायित्व भुक्तानी गर्ने प्रयोजनको लागि मात्र प्रयोग गर्न पाइनेछ ।

(२) उपनियम (१) बमोजिम जमानतको रकम तोक्दा धितोपत्र व्यवसायीले गर्ने धितोपत्र कारोबारको किसिम, कारोबार संख्या तथा कारोबारको रकमको आधारमा तोकिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुनु अगावै धितोपत्र बजारले तोकिदिए बमोजिम जमानत राखी कारोबार गरी रहेका धितोपत्र व्यवसायीले छुट्टै जमानत राख्नु नपर्ने गरी बोर्डले छुट दिन सक्नेछ ।

३६. सेवा शुल्क: (१) धितोपत्र व्यवसायीले ग्राहकलाई धितोपत्र कारोबार वा तत्सम्बन्धी सेवा पुऱ्याए वापत अनुसूची-१६ मा तोकिए बमोजिमको सेवा शुल्क लिन पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको सेवा शुल्क मध्येबाट धितोपत्र व्यवसायीले सम्बन्धित धितोपत्र बजारको विनियमावलीमा व्यवस्था भए बमोजिमको रकम सम्बन्धित धितोपत्र बजारमा बुझाउनु पर्नेछ ।

३७. धितोपत्र व्यवसायीले पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदन: धितोपत्र व्यवसायीले आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र गत आर्थिक वर्षको नाफा नोक्सान वासलातको हिसावको अतिरिक्त देहाय बमोजिमका आर्थिक विवरण तथा प्रतिवेदन धितोपत्र बोर्डमा पेश गर्नुपर्नेछ:

(क) नगद प्रवाह सम्बन्धी विवरण,

(ख) धितोपत्र कारोबार सम्बन्धी विवरण,

(ग) धितोपत्र कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा वा प्रतिक्रिया सम्बन्धी प्रतिवेदन,

(घ) बोर्डले तोकिदिएको अन्य विवरण ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८३२

२५. **मूल नियमावलीको नियम ४२ मा संशोधन:** मूल नियमावलीको नियम ४२ को सट्टा देहायको नियम ४२ राखिएको छ:-

"४२. बोर्डले धितोपत्र कारोबार अभिलेखको ढाँचा तोकिदिन सक्ने: (१) बोर्डले धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र बजार तथा धितोपत्र व्यवसायीको रुपमा काम गर्ने दलाल, बजार निर्माता, धितोपत्र व्यापारी, निष्काशन तथा बिक्री प्रबन्धक तथा धितोपत्र कारोबार सम्बन्धी अन्य काम गर्ने संगठित संस्थाले राख्नुपर्ने धितोपत्र कारोबार सम्बन्धी विवरण, तथ्याङ्क वा सूचना र तत्सम्बन्धी फारामहरुको ढाँचा तोकिदिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको ढाँचा बमोजिम धितोपत्र कारोबार गरी त्यसको अभिलेख अद्यावधिक रुपमा राख्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

२६. **अनुसूचीमा संशोधन :** (१) मूल नियमावलीको,-

(१) अनुसूची-२, ८, ९, ११, १२, १३ र १४ को सट्टा यसै साथ संलग्न अनुसूची-२, ८, ९, ११, १२, १३ र १४ राखिएका छन् ।

(२) अनुसूची-१४ पछि यसै साथ संलग्न अनुसूची-१५ र १६ थपिएका छन् ।

२७. **खारेजी:** मूल नियमावलीको नियम ३२क, ३४क, ३४ख, ३८, ३९, ४० र ४१ खारेज गरिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची २
(नियम १२ को उपनियम (१) तथा नियम १५ को उपनियम (१) सँग संबन्धित)

धितोपत्र बजार संचालन अनुमतिपत्र दस्तुर तथा वार्षिक दस्तुर

(क) धितोपत्र बजार संचालन अनुमतिपत्र दस्तुर दुई लाख रुपैयां ।

(ख) वार्षिक अनुमतिपत्र दस्तुर पचास हजार रुपैयां ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४२८

अनुसूची ८
(नियम २२ को उपनियम (१) संग सम्बन्धित)

## शेयर सूचीकरणको निवेदन

फा.नं. १

विषय : सूचीकरण गराई दिने बारे ।

महाशय,

धितोपत्र कारोबार ऐन, २०४० र धितोपत्र कारोबार नियमावली, २०५० अनुसार यस बैंक / कम्पनी / संस्थाको धितोपत्र त्यस धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने गराउन देहायका विवरण भरी यो निवेदन गरेका छौं । हाम्रो तल उल्लेख गरे बमोजिमको शेयर / बोनस शेयर / डिबेन्चर / अग्राधिकार शेयर सूचीकरण गरिदिन हुन अनुरोध छ । साथै, धितोपत्र कारोबार ऐन, २०४० र धितोपत्र कारोबार नियमावली, २०५० अन्तर्गत गर्नुपर्ने कुराहरुको पालना गर्न यस बैंक / कम्पनी / संस्थालाई मन्जुर भएको व्यहोरा पनि अनुरोध छ ।

सूचीकरण गराउँदा सम्बन्धित कम्पनी, बैंक, संस्थाले भर्नुपर्ने विवरणहरु

१. कम्पनीको नाम :
२. कुन ऐन अन्तर्गत स्थापना भएको हो :
३. स्थापना मिति :
४. कम्पनी रहेको स्थान :
५. स्थापना हुँदा प्राइभेट हो वा पब्लीक लि. कम्पनी हो :
६. स्थापना हुँदा प्राइभेट भएमा पब्लीक कम्पनीमा परिणत भएको मिति र तरिका :
७. कम्पनीको दर्ता ठेगाना :
८. कारोबार हुने इलाका :
९. उद्देश्य र कार्यहरु :
१०. अधिकृत पूंजी

| | अंकित मूल्य | शेयर संख्या | शेयर रकम |
|---|---|---|---|
| (क) साधारण शेयर : | | | |
| (ख) अग्राधिकार शेयर : | | | |

११. निष्काशित पूंजी :

| | अंकित मूल्य | संख्या | रकम | निष्काशन मिति |
|---|---|---|---|---|
| (क) साधारण शेयर : | | | | |
| (ख) अग्राधिकार शेयर : | | | | |
| (ग) जम्मा निष्काशित शेयर पूंजी : | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

9824

१२. <u>अग्राधिकार शेयर:</u>
(सम्बन्धितले मात्र भर्ने)
(क) संख्या :
(ख) रकम :
(ग) लाभांश दर :
(घ) शर्त तथा विशेष व्यवस्था भए उल्लेख गर्ने :

१३. <u>प्रिमियममा शेयर बिक्री भएको भए :</u>
(सम्बन्धितले मात्र भर्ने)
(क) प्रति शेयर प्रिमियम :
(ख) शेयर संख्या :
(ग) प्रति शेयर मूल्य (प्रिमियम सहित) :
(घ) प्रति शेयर चुक्ता मूल्य (प्रिमियम सहित) :
(ङ) कूल प्रिमियम रकम :

१४. <u>डिवेन्चर</u>
(सम्बन्धितले मात्र भर्ने)
(क) अधिकृत रकम :
(ख) निष्काशित संख्या :
(ग) प्रति इकाई मूल्य :
(घ) व्याज दर (प्रतिशत) :
(ङ) व्याज मिति :
(च) भुक्तानी मिति :
(छ) शर्त र विशेषताहरु (संलग्न विवरण) :
(ज) नगद विक्री बाहेक अन्य अवस्थाबाट उठाएको भए सो को विवरण :

१५. <u>सूचीकरण गराउने धितोपत्र सम्बन्धी:</u>
(क) शेयर
१. <u>संख्या</u>
(१) साधारण
(२) अग्राधिकार
२. <u>प्रति इकाई मुल्य</u>
(१) साधारण
(२) अग्राधिकार
३. <u>प्रति शेयर चुक्ता मूल्य :</u>
(१) साधारण
(२) अग्राधिकार
४. <u>कुल शेयर रकम :</u>
(१) साधारण
(२) अग्राधिकार
५. <u>कुल चुक्ता रकम :</u>
(१) साधारण


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९८३६

(२) अग्राधिकार

६. <u>मूल साधारण शेयर:</u>

वोनस शेयर :

७. अन्य

(ख) <u>डिवेन्चर</u>

(सम्बन्धितले मात्र भर्ने)

१. रकम :

२. संख्या :

३. व्याज दर प्रतिशत :

४. व्याज दिने मिति :

५. भुक्तानी मिति शर्त र विशेषताहरु (विवरण संलग्न गर्नुपर्ने)

१६. <u>लाभांश तथा वोनस शेयर वितरण:</u>

(क) आर्थिक वर्ष ..........................

| | <u>लाभांश रु.</u> | <u>रकम रु.</u> | <u>प्रतिशत</u> |
|---|---|---|---|
| १. अन्तरिम | | | |
| २. अन्तिम : | | | |
| ३. जम्मा : | | | |
| ४. वोनस शेयर वितरण अनुपात | | | |

(ख) आर्थिक वर्ष ...............................

| | <u>रकम रु.</u> | <u>प्रतिशत</u> |
|---|---|---|
| १. अन्तरिम : | | |
| २. अन्तिम : | | |
| ३. जम्मा : | | |
| ४. वोनस शेयर वितरण अनुपात | | |

(ग) आर्थिक वर्ष .........................

| | <u>रकम रु.</u> | <u>प्रतिशत</u> |
|---|---|---|
| १. अन्तरिम : | | |
| २. अन्तिम : | | |
| ३. जम्मा : | | |
| ४. वोनस शेयर वितरण अनुपात | | |

१७. <u>कम्पनी स्थापना भए देखि पुर्नस्थापना, संयुक्तिकरण वा शेयर पूंजीमा घटी बढी गरेर परिवर्तन गरेको भए सो सम्बन्धी विवरण:</u>

१८. <u>नामसारी दस्तुर:</u>

(क) साधारण शेयर (वोनस समेत)

(ख) अग्राधिकार शेयर :



आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) डिवेन्चर :

१९. एकीकरण विभाजन शुल्क :
(क) एकीकरण :
(ख) विभाजन :
(ग) नवीकरण वा पुरानोको वदलामा नयां दिनु परेमा :

२०. आर्थिक वर्ष समाप्त हुने मिति :
२१. साधारण तथा अन्तरिम र अन्तिम लाभांश दिने समय :
२२. साधारण सभा बस्ने स्थान :
२३. शेयर नामसारी हुने तथा दरखास्त दिन सकिने स्थान :
२४. धितोपत्रको स्वामित्व सम्बन्धी विवरण:
(क) शेयर सम्बन्धमा
(१) शेयरवालाहरुको संख्या: (क) साधारण शेयरवाला ........
(ख) अग्राधिकार शेयरवाला .........
(२) कुल निष्काशित शेयर संख्या (क) साधारण शेयर .........
(ख) अग्राधिकार शेयर ......
(३) बढीमा १०० थान सम्म शेयर ग्रहण गर्ने शेयरवालाहरुको संख्या ....
(४) संस्थापक र सञ्चालकहरुले लिएको शेयर संख्यामा र रकम
(५) संस्थापक सञ्चालक तथा कार्यकारी प्रमुख धनी, साभ्मेदार वा शेयर होल्डर भएको फर्म वा कम्पनीले लिएको शेयर संख्या र रकम

(ख) डिवेन्चर (हाल सूचीकरण गरिने)
(१) इकाई मूल्य :
(२) भुक्तानी हुन बाँकी अवधि :
(३) डिवेन्चरवालाहरुको संख्या :

२५. पछिल्लो साधारण सभा भएको मिति र सभा नम्बर :
२६. पछिल्लो लेखा परीक्षण भएको वर्ष :
२७. पछिल्लो लाभांश वितरण दर र वर्ष :
२८. पछिल्लो वोनस शेयर वितरण अनुपात र वर्ष :
२९. विगत ३ वर्ष सम्मको मूल्य कारोबारको विवरण संलग्न गर्नुपर्ने :

माथि उल्लेखित व्यहोराहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा प्रचलित कानून बमोजिम व्यहोर्ने छु ।

भवदीय,

............................................
अध्यक्ष / प्रवन्ध संचालक / महाप्रबन्धक
.................................कम्पनी लि.

द्रष्टव्य:
(क) धितोपत्रको किसिम अनुसार नाम, संस्था र रकम छुट्टाछुट्टै उल्लेख गर्ने ।
(ख) प्रत्येक कोलममा एकै किसिमको धितोपत्रहरु मात्र उल्लेख गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
१४२५

अनुसूची–८
(नियम २२ को उपनियम (१) संग सम्बन्धित)

**डिबेन्चर, बण्ड अन्य धितोपत्र सूचीकरण निवेदन**

फा.नं. २

मिति

श्री नेपाल धितोपत्र विनिमय बजार लि.
.................... काठमाण्डौ ।

विषय : सूचीकरण गराई दिने बारे ।

महाशय,

यस संगठित संस्थाले व्यवस्थापन गरेको एकांक वचत वा समूहगत वचत धितोपत्र कारोबार ऐन, २०४० बमोजिम धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने गराउन देहायका विवरण भरी यो निवेदन गरेका छौं । हाम्रो तल उल्लेख गरे बमोजिमको एकांक वचत वा समूहगत वचत सूचीकरण गरी दिन हुन अनुरोध छ । साथै धितोपत्र कारोबार ऐन, २०४०, धितोपत्र कारोबार नियमावली, २०५० र धितोपत्र सूचीकरण विनियमहरु, २०५२ अन्तर्गत पालना गर्नु पर्ने कुराहरुको पालना गर्न यस संगठित संस्थालाई मन्जुर भएको व्यहोरा पनि अनुरोध छ ।

१. संगठित संस्थाको नाम :
२. कुन ऐन अन्तर्गत स्थापना भएको :
३. स्थापना मिति :
४. संगठित संस्था रहेको स्थान :
५. स्थापना हुंदा प्राईभेट हो वा पव्लिक लि. कम्पनी हो :
६. स्थापना हुंदा प्राईभेट भएमा पव्लिक कम्पनीमा परिणत भएको मिति र तरिका :
७. संगठित संस्थाको दर्ता ठेगाना :
८. कारोबार हुने ईलाका :
९. उद्देश्य र कार्यहरु :
१०. शेयर पूंजी :

| | | | | |
|---|---|---|---|---|
| (क) | अधिकृत पूंजी रु........ | (१) साधारण शेयर : | शेयर ........ संख्या ........ | रकम |
| | | (२) अग्राधिकार शेयर : | शेयर ........ | रकम |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1825

| | | | | |
|---|---|---|---|---|
| (ख) | निष्काशित पूंजी रु......... | (१) साधारण शेयर : | संख्या ......... शेयर ........ | रकम |
| | | (२) अग्राधिकार शेयर : | संख्या ......... शेयर ........ | रकम |
| (ग) | चुक्ता पूंजी रु......... | (१) साधारण शेयर : | संख्या ......... शेयर ........ | रकम |
| | | (२) अग्राधिकार शेयर : | शेयर ........ संख्या ......... | रकम रु........ |
| | | जम्मा | | रकम रु....... |

११. संगठित संस्थाको साधारण शेयर सूचीकरण भएको मिति, शेयर संख्या ............ र रकम रु..........

१२. सूचीकरण गराउने एकांक वचत वा समूहगत वचत सम्बन्धी :

(क) एकांक वचत वा समूहगत वचतको नाम :
(ख) एकांक वचत वा समूगगत वचतको किसिम र लक्षित समूह :
(ग) एकांक वचत वा समूहगत वचतको अंकित मूल्य :
(घ) एकांक वचत वा समूहगत वचत निष्काशन दर्ता मिति :
(ङ) एकांक वचत वा समूहगत वचत संचालन अवधि :
(च) एकांक वचत वा समूहगत वचतको कुल रकम (अंकित मूल्यको आधारमा) :
(छ) एकांक वचत वा समूहगत वचत व्यवस्थापन समिति वा उपसमितिको सदस्यहरुको नाम, ठेगाना :
(ज) व्यवस्थापन समिति वा उपसमितिको सदस्यले संगठित संस्थाको शेयर पूंजीमा लगानी गरेको भए सो को विवरण :
(झ) व्यवस्थापन समिति वा उपसमितिको सदस्यले यस एकांक वचत वा समूहगत वचतमा लगानी गरेको भए सो को विवरण :
(ञ) एकांक वचत वा समूहगत वचतमा दिइने व्याज/लाभांश/प्रतिफल दर :
(ट) एकांक वचत वा समूहगत वचतमा दिइने व्याज/लाभांश/प्रतिफल भुक्तानी मिति र भुक्तानी तरिका :
(ठ) एकांक वचत वा समूहगत वचतको सांवा भुक्तानी मिति र भुक्तानी तरिका (सांवा भुक्तानी हुने भएमा मात्र) :
(ड) ट्रष्टीको नाम र सो सम्बन्धमा भएका मुख्य मुख्य व्यवस्थाहरु :

१३. नामसारी दस्तुर :
१४. एकीकरण वा विभाजन शुल्क :
१५. नवीकरण वा पुरानो वदलामा नयां दिनु परेमा शुल्क :
१६. आर्थिक वर्ष समाप्त हुने मिति :
१७. नामसारी हुने तथा नामसारीका लागि दरखास्त दिने स्थान :
१८. स्वामित्व सम्बन्धित विवरण :


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) एकांक वा समुहगत वचतवालाहरुको कुल संख्या :
(ख) बढीमा १०० थान सम्म ग्रहण गर्नेहरुको संख्या ......... र लगानी रकम
(ग) १०१ देखि १,००० थानसम्म ग्रहण गर्नेहरुको संख्या ..... र लगानी रकम
(घ) १००१ देखि १०,००० थान सम्म ग्रहण गर्नेहरुको संख्या .....र लगानी रकम
(ङ) १०,००१ देखि ५०,००० थान सम्म ग्रहण गर्नेहरुको संख्या .....र लगानी रकम
(च) ५०,००१ देखि १,००,००० थान सम्म ग्रहण गर्नेहरुको संख्या ....र लगानी रकम
(छ) १,००,००१ देखि माथि ग्रहण गर्नेहरुको संख्या ....... र लगानी रकम

(१९) एकांक वा समुहगत वचतको बजार निर्माण गर्ने सम्बन्धमा एक वा बढी बजार निर्मातासंग कुनै सम्झौता वा सहमति भएको छ भने बजार निर्माताको नाम, ठेगाना

(२०) एकांक वा समुहगत वचतको वर्तमान अवस्था र भविष्यको वारेमा संगठित संस्थाको मन्तव्य र टिप्पणी :

माथि उल्लेखित व्यहोराहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा प्रचलित कानून बमोजिम व्यहोर्ने छु ।

भवदीय,

दस्तखत :
नाम :
अध्यक्ष/प्रबन्धक संचालक/महाप्रबन्धक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9889

अनुसूची–९
(नियम २२ को उपनियम (१) र नियम २३ को उपनियम (२) संग सम्बन्धित)

## धितोपत्र सूचीकरण शुल्क तथा वार्षिक शुल्क

### (क) शेयर सूचीकरण तथा वार्षिक शुल्क

| क्र.सं. | जारी पूंजी | सूचीकरण शुल्क | वार्षिक शुल्क |
|---|---|---|---|
| १. | रु. १ करोडसम्म | ०.२० प्रतिशत वा न्यूनतम रु. १५,०००।- | रु. १५,०००।- |
| २. | रु. १ करोडदेखि माथि रु. ५ करोडसम्म | ०.१५ प्रतिशत वा न्यूनतम रु. ४५,०००।- | रु. २५,०००।- |
| ३. | रु. ५ करोडदेखि माथि रु. १० करोडसम्म | ०.१० प्रतिशत वा न्यूनतम रु. ७५,०००।- | रु. ३५,०००।- |
| ४. | रु. १० करोडदेखि माथि | ०.०७५ प्रतिशत वा न्यूनतम रु. १,००,०००।- | रु. ५०,०००।- |

### (ख) डिवेन्चर/एकांक बचत वा समूहगत बचत सूचीकरण शुल्क तथा वार्षिक शुल्क

| क्र.सं. | डिवेन्चर/एकांक वचत वा समूहगत वचत रकम | सूचीकरण शुल्क | वार्षिक शुल्क |
|---|---|---|---|
| १. | रु. १ करोडसम्म | ०.२० प्रतिशत वा न्यूनतम रु. १५,०००।- | रु. १५,०००।- |
| २. | रु. १ करोडदेखि माथि रु. ५ करोडसम्म | ०.१५ प्रतिशत वा न्यूनतम रु. ४५,०००।- | रु. २५,०००।- |
| ३. | रु. ५ करोडदेखि माथि रु. १० करोडसम्म | ०.१० प्रतिशत वा न्यूनतम रु. ७५,०००।- | रु. ३५,०००।- |
| ४. | रु. १० करोडदेखि माथि | ०.०७५ प्रतिशत वा न्यूनतम रु. १,००,०००।- | रु. ५०,०००।- |



९४४२

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-११**
**(नियम २८ को उपनियम (१) सँग सम्बन्धित)**
**धितोपत्र व्यवसायीको रुपमा दर्ता हुन दिने निवेदनको ढाँचा**

मिति :

श्री धितोपत्र बोर्ड
................., काठमाण्डौ ।

**विषय : धितोपत्र व्यवसायीको रुपमा दर्ता गरी प्रमाणपत्र पाउँ ।**

महाशय,

धितोपत्र कारोबार ऐन, २०४० र सो अन्तर्गतको नियम, विनियम, व्यवस्थाहरु तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही धितोपत्र कारोबार गर्न इच्छा भएकोले रु. ............... दस्तुर संलग्न गरी धितोपत्र व्यवसायीको दर्ता प्रमाणपत्र पाउँ भनी देहायका विवरण खोली यो निवेदन पेश गरेको छु । छौं ।

विवरण

१. संस्थाको नाम :
२. स्थापना मिति :
३. धितोपत्र व्यवसायीको रुपमा गर्ने कामको किसिम :
४. संचालकहरुको नाम, थर :
ठेगाना :
शैक्षिक योग्यता :
व्यवसायिक अनुभव :
अन्य व्यवसायमा संलग्नता :
(कम्तीमा एकजना संचालकहरुको योग्यता खुलाउनु पर्नेछ)
५. कार्यकारी प्रमुखको नाम, थर
ठेगाना :
शैक्षिक योग्यता :
व्यवसायिक अनुभव :
अन्य व्यवसायमा संलग्नता :
६. कारोबार क्षेत्र :
७ शाखा वा सम्पर्क कार्यालय भए नभएको । भए ठेगाना :
८. सहायक वा सम्बद्ध संगठित संस्थाहरुको विवरण :
९. जारी पूंजी तथा चुक्ता पूंजी :
१०. संचालकहरुले लिएको शेयर :
११. संस्थापक तथा शेयरवालाहरुको विवरण :
१२. वित्तीय व्यवस्था सम्बन्धी विवरण :
१३. प्रबन्धपत्र । नियमावली । आन्तरिक नियमावली वा विनियमावली :
१४. धितोपत्र कारोबार गर्ने सम्बन्धमा संचालक समितिमा भएको निर्णयको प्रतिलिपि :
१५. यस अघि धितोपत्र बजारको सदस्यता प्राप्त गरेको भए सो को विवरण :

माथि उल्लेखित सबै विवरणहरु पूर्ण रुपमा सत्य छन् र त्यसमा कुनै किसिमको फरक परेमा प्रचलित कानून बमोजिम व्यहोर्ने छु । छौं ।

निवेदक,

दस्तखत:
नाम :
अध्यक्ष । प्रबन्धक संचालक । महाप्रबन्धक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9843

अनुसूचि-१२

(नियम २८ को उपनियम (१) तथा नियम ३४ को उपनियम (१) संग संवन्धित)

धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र दस्तुर

| | प्रमाणपत्र दस्तुर | नवीकरण दस्तुर |
|---|---|---|
| १. धितोपत्र दलाल | रु. २,५००।- | रु.१,५००।- |
| २. बजार निर्माता । धितोपत्र व्यापारी (डिलर) | रु.५,०००।- | रु.३,०००।- |
| ३. निष्काशन तथा बिक्री प्रवन्धक | रु.१०,०००।- | रु.५,०००।- |
| ४. धितोपत्र कारोबार संवन्धी अन्य कार्य | रु.१०,०००।- | रु.५,०००।- |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४४४

**अनुसूची-१३**
**(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)**

**धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र**

**धितोपत्र बोर्ड**
**.................., काठमाण्डौ ।**

**धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र**

दर्ता नं. :
धितोपत्र व्यवसायीको किसिम :

............................... बस्ने । मूख्य कार्यालय रहेको । श्री .......................... .... लाई धितोपत्र कारोबार ऐन, २०४०, धितोपत्र कारोबार नियमावली, २०५० र सो अन्तर्गतका बनेका निर्देशिका तथा अन्य प्रचलित कानूनको अधिनमा रही देहायका शर्तहरु पालना गरी कारोबार गर्न धितोपत्र व्यवसायीको प्रमाणपत्र प्रदान गरिएको छ ।

नवीकरण, खारेजी वा स्थगन भएमा बाहेक यो प्रमाणपत्रको वहाली .............. सम्म हुनेछ ।

शर्तहरु
१.
२.
३.
४.

प्रमाणपत्र प्रदान मिति :

सही :
नाम :
दर्जा :
मिति :


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४४५
मुद्रण विभाग सिंहदरबार

अनुसूची-१४

(नियम ३१ संग सम्बन्धित)

## पूंजी सम्बन्धी विवरण

| | कारोबार किसिम | अधिकृत पूंजी (कम्तीमा रु.) | चुक्ता पूंजी (कम्तीमा रु.) |
|---|---|---|---|
| १. | दलालको रुपमा ग्राहकको नाममा धितोपत्र खरीद बिक्री तथा विनिमय सम्बन्धी कारोबार गर्न, | ४,००,०००।- | २,००,०००।- |
| २. | धितोपत्र दर्ता तथा निष्काशन प्रबन्ध र प्रत्याभूति सम्बन्धी कारोबार गर्न, | २,००,००,०००।- | १,००,००,०००।- |
| ३. | धितोपत्र व्यापारीको (डिलर) रुपमा धितोपत्र विनिमय सम्बन्धी कारोबार गर्न, | १,००,००,०००।- | ५०,००,०००।- |
| ४. | बजार निर्माताको रुपमा कारोबार गर्न, | १,००,००,०००।- | ५०,००,०००।- |
| ५. | धितोपत्र नामसारी, दाखिल खारेज तथा अन्य सहयोग सेवा (सपोर्ट सर्भिस) सम्बन्धी अन्य कारोबार गर्न, | ४,००,०००।- | २,००,०००।- |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३४९८

अनुसूची-१५

(नियम ३४ सँग सम्बन्धित)

धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्रको नवीकरण गर्नको लागि दिने निवेदन

श्री धितोपत्र बोर्ड
..............., काठमाण्डौ ।

विषय : धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र नवीकरण बारे ।

म । हामीले धितोपत्र कारोबार ऐन, २०४०, धितोपत्र कारोबार नियमावली, २०५० र सो अन्तर्गत बनेका निर्देशिका तथा अन्य प्रचलित कानूनको अधिनमा रही धितोपत्र व्यवसायीको रुपमा कारोबार गर्न तहाँबाट धितोपत्र व्यवसायी दर्ता प्रमाणपत्र (दर्ता नं. ....) पाई धितोपत्र कारोबार गर्दै आएको तहाँलाई अवगत नै छ ।

म । हामीले प्राप्त गरेको धितोपत्र व्यवसायीको प्रमाणपत्रको अवधी यही मिति......... सम्म रहेको हुनाले नवीकरणको लागि रु. .......... दस्तुर यसै साथ राखी यो निवेदन पेश गरेको छु । छौं ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
9886

## अनुसूची-१६
(नियम ३६ सँग सम्बन्धित)

क. धितोपत्र कारोबार वा सेवा पुऱ्याए बापत धितोपत्र व्यवसायीले सम्बन्धित ग्राहकबाट लिन पाउने सेवा शूल्क (कमिशन)

१. धितोपत्र शेयर भएमा :

| | |
|---|---|
| रु. २५ हजारसम्मको कारोबार मूल्यमा | १.५ प्रतिशत |
| रु. २५ हजार भन्दा बढी रु. ५०,००० सम्मको कारोबार मूल्यमा | १.४ प्रतिशत |
| रु. ५० हजार भन्दा बढी रु. १ लाख सम्मको कारोबार मूल्यमा | १.३ प्रतिशत |
| रु. १ लाख भन्दा बढी रु. ५ लाख सम्मको कारोबार मूल्यमा | १.२० प्रतिशत |
| रु. ५ लाख भन्दा बढी रु. १० लाख सम्मको कारोबार मूल्यमा | १.१० प्रतिशत |
| रु. १० लाख भन्दा बढीको कारोबार मूल्यमा | १.०० प्रतिशत |

२. धितोपत्र श्री ५ को सरकार वा श्री ५ को सरकारको जमानतमा वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्थानले जारी गरेको ऋणपत्र भएमा :

| | |
|---|---|
| रु. १ लाख सम्मको कारोबार मूल्यमा | ०.५० प्रतिशत |
| रु. १ लाख भन्दा बढी रु. ५ लाख सम्मको कारोबार मूल्यमा | ०.४० प्रतिशत |
| रु. ५ लाख भन्दा बढी रु. १० लाख सम्मको कारोबार मूल्यमा | ०.३० प्रतिशत |
| रु. १० लाख भन्दा बढी रु. ५० लाख सम्मको कारोबार मूल्यमा | ०.२० प्रतिशत |
| रु. ५० लाख भन्दा बढीको कारोबार मूल्यमा | ०.१० प्रतिशत |

३. माथि (१) र (२) मा उल्लेखित बाहेक अरु धितोपत्रका हकमा,

| | |
|---|---|
| रु. १ लाख सम्मको कारोबार मूल्यमा | ०.७५ प्रतिशत |
| रु. १ लाख भन्दा बढी रु. ५ लाख सम्मको कारोबार मूल्यमा | ०.६० प्रतिशत |
| रु. ५ लाख भन्दा बढी रु. १० लाख सम्मको कारोबार मूल्यमा | ०.४५ प्रतिशत |
| रु. १० लाख भन्दा बढी रु. ५० लाख सम्मको कारोबार मूल्यमा | ०.३० प्रतिशत |
| रु. ५० लाख भन्दा बढीको कारोबार मूल्यमा | ०.४० प्रतिशत |

४. माथि (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि धितोपत्र व्यवसायीले ग्राहकबाट पाउने कमिशन रु. १५।- भन्दा कम हुने छैन ।

५. धितोपत्र व्यवसायीले माथि उल्लेखित कमिशनको अतिरिक्त ग्राहकबाट प्रति कारोबार रु. १०।- सेवा शूल्क लिन सक्नेछ ।

ख. तर धितोपत्र व्यवसायीले खुल्ला रुपमा वा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रको बिक्री वितरण गर्ने व्यवस्था मिलाउन निष्काशन प्रबन्धक भै सेवा प्रदान गरेमा बढीमा देहाय अनुसार कमिशन लिन सक्नेछ ।

१.

| | |
|---|---|
| रु. २५ लाख सम्मको निष्काशनमा बिक्री भएको धितोपत्रको मूल्यको | २.२५ प्रतिशत |
| रु. २५ लाख भन्दा बढी रु. ५० लाखसम्मको निष्काशनमा बिक्री भएको धितोपत्रको मूल्यको | २.०० प्रतिशत |
| रु. ५० लाख भन्दा बढी रु. १ करोडसम्म निष्काशन बिक्री भएको धितोपत्रको मूल्यको | १.७५ प्रतिशत |
| रु. १ करोड भन्दा बढी निष्काशनमा बिक्री भएको धितोपत्रको मूल्यको | १.५० प्रतिशत |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. सार्वजनिक वा परिपत्रको विधिद्वारा निष्काशन गरिने धितोपत्रको अण्डरराइटिङ्ग गरी सेवा प्रदान गर्ने धितोपत्र व्यवसायीले आफूले अण्डरराइटिङ्ग गरेको धितोपत्रको मूल्यको बढीमा ३ प्रतिशतका दरले अण्डरराइटिङ्ग कमिशन लिन सक्नेछन् ।

३. सार्वजनिक वा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रहरुको बिक्री वितरणमा संलग्न हुने धितोपत्र व्यवसायीले निष्काशन बिक्री गर्दा आफूले बिक्री गराएको धितोपत्रको रकमको बढीमा ०.५० (सुन्ना दशमलव पचास) प्रतिशतका दरले लिन सक्नेछन् ।

आज्ञाले,

रामेश्वर शाह

श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता प्राप्त गरेपछि मात्र लागू हुनेछ।
मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

9820

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।